## बकैया गाउँकार्यपालिकाको मिति २०७७।०१।०४ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. राहत वितरण सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा कोरोना भाइरस नियन्त्रणका लागि नेपाल सरकारले लागू गरेको लकडाउनको अवधिमा यस गाउँपालिका क्षेत्रमा दैनिक ज्यालादारी गरेर गुजारा गर्ने वासिन्दाहरुलाई राहत स्वरुप दैनिक आवश्यक पर्ने खाद्यान्न लगायतका सामाग्रीहरु विधिसम्मत ढंगले वितरणका लागि गाउँ कार्यपालिकाको मिति २०७६।१२।२४ गतेको बैठकले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ पारित गरेकोमा वडा विपद व्यवस्थापन तथा वडा आपूर्ति व्यवस्थापन समितीले संकलन गरेको विवरणको आधारमा वडा कार्यालय मार्फत नै राहत वितरणका लागि तपशिल बमोजिम खाद्य सामाग्रीहरु वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

### राहत वितरणका लागि वडामा पठाईने राहत सामाग्री विवरण

| वडा नं. | परिवार संख्या | चामल ३० केजी | दाल २५ केजि | तेल १० ली | आयोडीननुन प्याकेट | चिउरा २० केजी | सावुन गोटा |
|---|---|---|---|---|---|---|---|
| १ | १०० | ६७ | ८ | २० | २०० | १५ | २०० |
| २ | १४२ | ९५ | १२ | २९ | २८४ | २२ | २८४ |
| ३ | ६७ | ४५ | ६ | १४ | १३४ | ११ | १३४ |
| ४ | १२८ | ८५ | ११ | २६ | २५६ | २० | २५६ |
| ५ | ७७ | ५२ | ७ | १६ | १५४ | १२ | १५४ |
| ६ | १२१ | ८१ | १० | २५ | २४२ | १९ | २४२ |
| ७ | १३३ | ८९ | ११ | २७ | २६६ | २० | २६६ |
| ८ | १४१ | ९४ | १२ | २९ | २८२ | २२ | २८२ |
| ९ | ७७ | ५२ | ७ | १६ | १५४ | १२ | १५४ |
| १० | ११२ | ७५ | १० | २३ | २२४ | १७ | २२४ |
| ११ | ६६ | ४४ | ६ | १४ | १३२ | १० | १३२ |
| १२ | १३३ | ८९ | ११ | २७ | २६६ | २० | २६६ |
| जम्मा | १२९७ | ८६८ | १११ | २६६ | २५९४ | २०० | २५९४ |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

२. वडा नं. ४ को कार्यालय भवन मर्मत तथा रङ्गरोगन खर्च भुक्तानी सम्बन्धमाः-

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत वडा नं ४ कार्यालयको कार्यालय भवनको माथिल्लो तलामा कृषि विकास बैंक सञ्चालनको प्रयोजनका लागि मर्मत, रङ्गरोगन, पार्टीसन, टायल तथा मार्वल लगाउने कार्य प्राविधिक इस्टमेट गरि कोटेशन मार्फत सञ्चालन भई सम्पन्न भईसकेकोमा भुक्तानी दिने निर्णय गरियो ।

३. सशर्त योजना कार्यान्वयन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकारबाट सशर्त अनुदानका योजनाहरु स्वीकृत गरी यस गाउँपालिकाको लागि छनोट गरेका तपशिल बमोजिमका योजनाहरुलाई विश्वव्यापी कोरोना संक्रमण तथा सो बाट जोगिन नेपाल सरकारले कायम राखेको वर्तमान लकडाउनको परिस्थितीलाई मध्यनजर राख्दै उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/आयोजना | कुल रकम |
|---|---|---|
| १ | मोरङ्गे-धिँयालडाँडा मोटरबाटो | रु. ३०,००,०००।- |
| २ | चुनढुङ्गा दरबार मोटर बाटो | रु. ३०,००,०००।- |
| ३ | अखौंले-वस्तीपुर मोटरबाटो स्तरोन्नती | रु. ४०,००,०००।- |

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँड, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner